बैठक संख्या -६०

आज मिति २०७९।०५।०७ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधबप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसि देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री माधवप्रसाद अर्याल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री मार सिङ तामाङ | वडा अध्यक्ष |
| श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष |
| श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री यमनाथ आचार्य | वडा अध्यक्ष |
| श्री बुटी तामाङ | सदस्य |
| श्री ज्ञानु विश्वकर्मा | सदस्य |
| श्री शान्ती माया तामाङ | सदस्य |
| श्री पुलती विश्वकर्मा | सदस्य |
| श्री पुर्ण बहादुर घले | सदस्य |
| श्री राम बहादुर विश्वकर्मा | सदस्य |
| श्री नेत्रमणी न्यौपाने | सदस्य सचिव |

निर्णयहरु

**निर्णय नं. १  उत्तरगया गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७९,** उत्तरगया गाउँपालिका शिक्षा, युवा तथा खेलुकुद शाखाबाट तयार पारिएको आ.ब २०७९।०८० को लागि **कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९।०८०** पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** यस गाउँपालिका वडा नं ३ स्थित लयुङ बस्ती संरक्षण उपभोक्ता समितिले उपभोक्ता समिति दर्ता गरिदिन वडा कार्यालयको सिफारिस सहित निवेदन पेश गरेको हुँदा उक्त उपभोक्ता समिति दर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**  यस गाउँपालिका वडा नं. १ स्थित गोगने र वडा नं २ मा बस्ने कमजोर आर्थिक स्थिति भएका परिवारलाई वडा कार्यलयको सिफारिसको आधारमा घरको छानो मर्मत गर्न विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरि प्रतिपरिवार २ वण्डलका दरले जस्ता पाता वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ४** प्राकृति श्रोत साधनका बस्तुहरु नियम विपरित कसैले उत्खनन् गरेमा वा वसारपसार गरेमा नियमानुसार लाग्ने कर असुल गर्न आवश्यकताका आधारमा स्वयमसेवक नियुक्त गर्ने र स्वयमसेवकलाई आफुले उठाएको करको १० प्रतिशत प्रोत्साहन रकम दिने निर्णय गरियो ।

**निर्णय नं ५** केही दिन यता गाउँपालिका क्षेत्रभित्र कोभिड संक्रमण बढ्दै गएको हुनाले सबैले संयमित र कोभिड सम्बन्धी सुरक्षाका मापदण्ड अपनाई आवतजावत तथा अन्य कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।